राष्ट्रिय सूचना आयोग
२०६५

(३०५)

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ४३७/२०७१/०७२

किर्ती स्मृती, १२८ कमलपोखरी बस्ने सञ्जिव सत्याल..................................................१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, श्री मालपोत कार्यालय डिल्लीबजार ........................................ .......१ विपक्षी

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।

किर्ती स्मृती, -१२८ कमलपोखरी बस्ने सञ्जिव सत्यालले श्री मालपोत कार्यालय डिल्लीबजार समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०२।२४ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अतः पुनरावेदकले माग गरेको तपसिलको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी मालपोत कार्यालय डिल्लीबजार कार्यालयका कार्यालय प्रमुखको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

तपसिल

१. मिति २०६४।११।२२, २०६६।०३।२९ र २०६६।०४।३२ को र.नं ५४२३ख, ७८५ग र २०९ग को जग्गा रोक्का सम्वन्धी र काठमाडौ जिल्ला अदालतबाट भएको जग्गा रोक्काको विवरण सहितको प्रमाणित प्रतिलिपि ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल असार ६ गते रोज १ शुभम् ।